## आर्थिक बर्ष २०७९/८०

## को

# नीति तथा कार्यक्रम

## बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७९ आषाढ

बौदीकाली गाउँपालिका

बौदीकाली गाउँपालिकाको आठौं गाउँ सभामा

गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझाले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम

## बौदीकाली गाउँपालिका

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२०७९ आषाढ

www.baudikalimun.gov.np

www.facebook.com/hellobaudikal

बौदीकाली गाउँपालिका

**आदरणिय गाउँसभा उपाध्यक्ष ज्यू,**

**सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु,**

१. सर्वप्रथम मलाई अत्यन्तै विश्वास गरी नेपालको संविधानले प्रत्याभुत गरेको स्थानीय तह सुन्दर बौदीकाली गाउँपालिकाको अध्यक्षमा निर्वाचित गराउनुहुने सम्पुर्ण बौदीकालीवासी आमाबुवा, दाजुभाई तथा दीदीवहिनिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । निर्वाचनलाई शान्तिपूर्ण र स्वच्छ रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने निर्वाचन आयोग, सम्पुर्ण राष्ट्रसेवकहरु, सुरक्षाकर्मीहरु र सम्पुर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२. यस पावन अवसरमा राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, जनजिविका प्राप्ति, नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति म भावपूर्ण श्रद्धाञ्जली समर्पण गर्दछु । साथै शहीद, वेपत्ता तथा घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु। करिव ७० बर्ष लामो बलिदानीपूर्ण संघर्षको विभिन्न कालखण्डमा नेपाल राष्ट्र तथा नेपाली जनतालाई मार्गदर्शन गर्नुहुने नेतृत्व हामी सबैको लागि सदैव प्रेरणादायि छ। हामी शहिदको सपना र नेतृत्वको मार्गदशर्नलाई शिरोपर गर्ने प्रण गर्दछौ ।

३. बौदीकाली गाउँपालिकाको द्धितिय निर्वाचित गाउँपालिका अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०७९/८० को लागि बौदीकाली गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्तै गौरव महसुस गरेको छु ।

४. बौदीकाली गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको विभिन्न चरणमा हामीलाई सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबै राजनीतिक दल, जनप्रतिनिधि, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, कर्मचारी, शिक्षक तथा सम्पुर्ण बौदीकालीवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

५. जनताको सबैभन्दा नजिकको सरकार, घरदैलोमा सेवा प्रवाह गर्ने आधारस्तम्भको रुपमा रहेको गाउँपालिकाप्रति जनताका अपेक्षाहरु स्वभाविक रुपमै धेरै रहने कुरा हामीलाई सर्वविदितै रहेको छ । यहि कुरालाई मध्यनजर गर्दै लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही दीगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहाना पुरा गर्ने राष्ट्रिय उद्देश्य प्राप्ति हुने गरी यो नीति तथा कार्यक्रम तयार गरेको छु।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**अव म आगामी आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

६. **समृद्धिको दीर्घकालीन सोचः** बौदीकाली गाउँपालिकाको दीर्घकालीन सोंच "खानेपानी, कृषी, पर्यटन र पुर्वाधारः बौदीकाली विकासको दीगो आधार" रहेको छ ।

७. **समृद्धिको लक्ष्यः** बौदीकाली गाउँपालिकाको लक्ष्य "कृषीमा क्रान्ति गर्दै व्यवसायिकरण र बजारिकरणमा जोड, स्थानीय उत्पादनमा विविधिकरण,

दीर्घकालिन पूर्वाधार निर्माण, समानुपातिक, समावेशी र समन्यायीक विकास, सबैलाई निःशुल्क शिक्षामा पहुँच सुनिश्चितता, गुणस्तरीय स्वास्थ्यको सुविधाको प्रत्याभूति र सुरक्षित खानेपानीमा सबैको पहुँच स्थापना गर्ने" रहेको छ ।

८. <u>**समृद्धिको उद्धेश्यः**</u> यस नीति तथा कार्यक्रममा प्रमुख उद्देश्यहरु यस प्रकार छन-

- बौदीकाली गाउँपालिकाको कृषी, शिक्षा र स्वास्थ्यको क्षेत्रमा आमुल परिवर्तन गर्ने ।
- कृषकको व्यवसायिक क्षेत्र र वित्तीय संस्थामा पहुंच अभिबृद्धी गर्दै कृषी कर्जा सरलीकरण तथा यान्त्रिकरण सहितको व्यवसायिक कृषी प्रणाली स्थापना गरी कृषी मार्फत आय आर्जनसंग आवद्ध गर्ने ।
- स्थानीय तुलनात्मक लाभका क्षेत्रहरुको आधारमा स्वरोजगार तथा आय आर्जनका अवसरहरुको श्रृजना गरि आम सर्वसाधारणको जीवनस्तरमा सुधार गरी उद्यमशिलताको विकास गर्दै प्रविधिमैत्री बनाउने ।
- सामाजिक समावेशिकरण सहितको गाउँपालिका स्थापना गर्न बालबालिका, महिला, दलित, जनजाती, विपन्न र सीमान्तकृत वर्गको हित प्रबर्द्धन गर्न लगानी बढाउदै आधारभूत शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई छिटो, छरितो र मितव्ययीरुपमा सेवा प्रवाह गर्ने, वित्तिय पारदर्शिता, उत्तरदायित्व र

सुशासन प्रत्याभुति गराउदै गाउँपालिकाको निर्णय निर्माण प्रक्रियमा सर्वसाधारणको सहभागिता बढाउदै गाउँपालिकाप्रति सकरात्मक सोचको विकास गराउने।

- गाउँपालिकाको आन्तरीक राजश्व र राजश्वका दायरा विस्तार गर्दै आत्मनिर्भर गाउँपालिकाको रुपमा विकास गर्ने ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**अव म आगामी आर्थिक बर्षको लागि प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**९. समग्र नीति तथा कार्यक्रमहरुः**

- आगामी आर्थिक बर्षलाई चालु आर्थिक बर्षको निरन्तरता स्वरुपः सोंच परिवर्तनको बर्षको रुपमा मनाईनेछ ।
- लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्धारा जनताको जीवनस्तर सुधार ल्याउने मुल कार्यभार व्यवहारमा ल्याईनेछ ।
- गाउँपालिका भित्रका सबै वडाहरुमा क्रमशः शहरी विकास पूर्वाधारहरु विस्तार गरिनेछ । पूर्वाधार  न्यून रहेका वडाहरूमा गाउँपालिका स्तरीय विकासका विशेष कार्यक्रमहरू सञ्चालन गरी सबै वडाहरूलाई समानस्तरमा पुर्याउदै सबै गाउँपालिकावासीहरुलाई समृद्ध गाउँपालिकाका गौरवशाली नागरिकको प्रत्याभुति गराउन आवश्यक

बौदीकाली गाउँपालिका

तयारी गरिनेछ । लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सामाजिक न्याय र वितरणमा न्याय स्थापित गरिनेछ ।

- सबै प्रकारका विपद् हरुवाट गाउँपालिकावासीलाई सुरक्षित गराउन आवश्यक तयारी गरिनेछ ।
- खेतीयोग्य भूमि बाँझो राखिने छैन । व्यवसायिक तथा बैज्ञानिक कृषि, तरकारी खेती, फलफूल खेती तथा पशुपालन मार्फत रोजगारी श्रृजना गरी जनताको जीवनस्तर सुधार र गरिवि निवारण गर्ने नीति लिईनेछ।
- गाउँपालिकालाई वित्तिय रुपमा पारदर्शी, उत्तरदायी र जिम्मेवार निकायको रुपमा विकास गरी सुशासनको अनुभुति दिई राष्टियस्तरमै पहिचान कायम गर्न भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जिम्मेवार गाउँपालिका प्रशासन वनाउन भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रबर्द्धन र प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको रोजाईको गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।
- बौदीकाली गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना तयार भैसकेको छ ।त्यसको पुर्ण कार्यान्वयन गरिनेछ । दीर्घकालीन सोंच सहितको २५ बर्षे गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । मध्यकालिन खर्च संरचना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

- भौतिक तथा आर्थीक सामाजिक पुर्वाधार विकासमा जोड दिईनेछ ।
- गाउँपालिकामा सुविधासम्पन्न औद्योगिक ग्रामको निर्माणलाई शुरुवात गरिनेछ ।
- १५ शैयाको अस्पताल र गाउँपालिकाको प्रशासनिक भवन निर्माणको कार्यलाई सम्पन्न गरिनेछ । सबै वडा कार्यालयहरुको निर्माण सम्पन्न गरि सुविधासम्पन्न भवनवाट सेवा प्रवाह गरिनेछ ।
- व्यवसायिक कृषी र पशु, गुणस्तरीय शिक्षा, गुणस्तरीय र भरपर्दो आधारभुत स्वास्थ्य सेवाको प्रत्यतभुति र सबै मौसममा चल्ने गरी सडकहरु (All weather Roads) मर्मत, निर्माण र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**आदरणीय सभासदस्य ज्युहरु,**

**अव म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु**

**कृषीमा क्रान्तीः**

१०. कृषी र पशुजन्य उत्पादनको महाअभियान संचालन गरिनेछ । महाअभियानमा सबै बौदीकालीवासीको सहभागिता प्रबर्द्धन गरिनेछ ।

११. कृषकले गाउँपालिका होईन गाउँपालिकाले कृषक खोज्जे पद्दतीको विकास गरिनेछ ।

१२. **वल, मल र जल**को सुसंयोजन मार्फत कृषी विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१३. कृषि क्षेत्रलाई आर्थिक क्रियाकलापहरु बृद्धि र रोजगारीको प्रमुख वाहकको रुपमा विकास गरिनेछ । स्थानीय कृषि नीतिको तर्जुमा र कार्यान्वयन गरिनेछ।

१४. कृषक संरक्षण कार्यक्रम संचालन गरिनेछ । कृषकले उत्पादन गरेको कृषी उपज, वीउविजनको बजारिकरणको अभाव हुन दिईनेछैन । कृषि तथा पशु विमा कार्यक्रमको घनिभुत संचालन गरिनेछ ।

१५. स्थानीय जलवायु अनुकुल बालीनाली छनौट गरी तिनिहरुको उत्पादनमा बृद्धि गरिनेछ। मौलिक वाली र खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१६. कृषी र पशुपन्छीमा हुनसक्ने गम्भीर प्रकृतिका महामारीहरुको प्रभावकारी नियन्त्रण गर्ने नीति लिईनेछ ।कृषी व्यवसाय प्रबर्द्धन कोष स्थापना गरी कृषी क्षेत्रको आधुनिकिकरण, यान्त्रिकरण र व्यवसायिकिकरण गर्न अनुदान र प्रोत्साहनको ब्यबस्था गरिनेछ । यसै कोषवाट कृषीमा हुन सक्ने प्रकोप व्यवस्थापन गरिनेछ ।

१७. कृषीमा उद्यमशिलताः आजको आवश्यकता भन्ने मुल मर्म साकार बनाउन समग्र कृषी क्षेत्रको विकासको दीर्घकालीन योजना बनाईनेछ । उच्च मुल्य पर्ने र निर्यात सम्भावना भएका वाली र उत्पादनहरु पहिचान गरी नियातमा प्राथमिकिकरण गरिनने छ ।

१८. स्थानीय प्रजातीका मौलिक बालीहरु पहिचान गरी तिनिहरुको संरक्षण र उत्पादनको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।खेतीयोग्य विशेष क्षेत्रहरुको पहिचान गरी प्राङगारिक खेतीको विस्तार गरिने छ ।

१९. व्यवसायिक रुपमा कृषी पेशा अंगाल्न चाहने र बैदेशिक रोजगारीवाट फर्केका युवाहरुको मागको आधारमा कृषी कर्म गर्न प्रोत्साहन अनुदान र प्राविधिक सहायता उपलब्ध गराउने नीति लिईनेछ ।

२०. निजी तथा सरकारी कृषीयोग्य भूमिलाई बाँझो नराख्र प्रोत्साहन गरिनेछ । गाउँपालिका भित्र बाँझो रहेको निजि खेतीयोग्य भूमि गाउँपालिकाले भाडामा लिई कृषी वा पशु व्यवसाय संचालन गर्न चाहने कृषकहरुलाई उपलब्ध गराईनेछ ।

२१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरहरुको उपयोग गरी उपयुक्त कृषि प्रविधिको प्रयोग, विकास तथा प्रसारवाट कृषी उत्पादन एवं उत्पादकत्व बढाईनेछ।

२२. आगामी आर्थिक बर्ष भित्रमा सबै वडाहरुमा वडा स्तरीय कृषी तथा पशुपालन समिति तथा गाउँपालिका स्तरीय एउटा कृषी तथा पशुपालक समिति/संजाल गठन, परिचालन र व्यवस्थापन गरिनेछ। कृषकको सुचिकरण र बर्गिकरण गरिनेछ ।

२३. अर्गानिक तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।कृषकको उत्पादन विक्रि नहुने अवस्थालाई अन्त्य गरी कृषी उत्पादको सुरक्षा उपलब्ध गराईनेछ ।

२४. कृषि तथा पशुजन्य उपजको सङ्कलन र विक्रीका लागि कृषि बजार केन्द्रहरु, बैज्ञानिक शीत भण्डारण एवं चिस्यान केन्द्रहरु बनाउन सम्भाव्यता अध्ययन गरिने छ ।

२५. सँभाव्यता अध्ययन गरी फलफुल तथा तरकारी खेतीको पकेट क्षेत्र घोषणा गरि त्यस्ता क्षेत्रमा संचालित कार्यक्रमहरुमा निरन्तरता दिदै अन्य सम्भाव्य वडाहरुमा समेत व्यावसायिक फलफूल तथा तरकारी खेती प्रवद्धर्न गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

२६. घुम्ती पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । पशुरोग नियन्त्रणको लागी आवश्यक प्रबन्ध गरिनेछ । आवधिक रुपमा माटो परिक्षण, रोग परिक्षण तथा शिविर सँचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२७. सिचाँई मार्फत कृषीको उत्पादकत्व बढाउन सँभावना हेरी हरेक वडामा कम्तीमा दुई वटा साना सिचाई आयोजना सँचालन एवँ निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।

२८. गाउँपालिका भित्र उत्कृष्ट कार्य गर्ने कृषक, कृषी समुह तथा कृषि सहकारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

२९. कृषी उत्पादन प्रबर्द्धनको लागी कृषी हाट बजार संचालन गरिनेछ ।

३०. पशुजन्य बजारको प्रबर्द्धन गरिनेछ । स्थानीय जातका बाख्राको नश्ल सुधार गरी मासु उत्पादन बढाई बौदीकालीलाई मासुमा आत्मनिर्भर बनाउन हरेक वडामा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. कृषी तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण/व्यावसायिकरण गरी उत्पादन र उत्पादकत्त्व वृद्धि गर्नको लागि (पशुपन्छी फर्म को पूर्वाधार विकास तथा गोठ सुधार व्यवस्थापन, आहार व्यावस्थापन, पशु उपचार सेवा,पशुपालन तालिम,प्रविधी हस्तान्तण,विशेष अनुदानको कार्यक्रम व्याबस्था ) जस्ता कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

३२. पशु तथा कृषी विमा कार्यक्रम सँचालन गर्नको लागि प्राथमिकता दिईनेछ ।

३३. अदुवा/अलैंची/टिमुर/मरिच प्रशोधन केन्द्र स्थापना र संचालन गर्ने नीति लिईनेछ। व्यवस्थित दुग्ध डेरी तथा व्यवस्थित मासु पसल स्थापना गर्न जोड दिईनेछ ।

३४. कृषकहरुको क्षमता विकासको लागी व्यवहारिक कृषक तालिम संचालन गरिनेछ।

३५. सहकारीमा आधारित कृषी उद्योग एवं व्यवसायको प्रबर्द्धनमा जोड दिईनेछ ।

३६. गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरु र सामुदायिक वन क्षेत्रमा घाँस, फलफुल, आयआर्जन हुने बोटविरुवाहरु लगाउने, संरक्षण गर्ने र समुहगत रुपमा जिम्मेवारी दिने नीति लिईनेछ ।

३७. निरन्दी खोला र बौदीखोला संचित क्षेत्रलाई बेमौसमि खेती गर्न प्रोत्साहन गरिनेछ।

३८. बौदीखोलामा रेन्वोट्राउट माछा पालनको लागी अध्ययन गरि पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।

**सहकारी र वित्तिय क्षेत्रको ब्यबस्थापनः**

३९. सहकारी शिक्षा, तालिम र सुचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित संघसंस्थालाई प्रभावकारी ढंगले परिचालन गरिनेछ । वित्तिय समावेशिता तथा वित्तिय साक्षरता बृद्धि गर्न सहकारीको प्रबर्द्धन गरिनेछ ।

४०. कृषि मल, विउविजन वितरण, कृषि सिंचाई, माटो परिक्षण, शितभण्डार तथा संकलन केन्द्रहरुको निर्माण, वृक्षारोपण, रक्तदान, नर्सरी स्थापना, जैविक खेती प्रबर्द्धन, सुधारिएको चुलो वितरण, वन संरक्षण जस्ता आयोजनाहरु संचालन सहकारी संघसंस्थाहरुसंग समन्वयमा गरिनेछ ।

४१. सहकारी संघ/संस्थाहरुको नियमन तथा प्रबर्द्धनमा संलग्न जनशक्ति, संचालक समिति, लेखा सुपरिवेक्षण समितिहरुको क्षमता विकास गरिनेछ ।

४२. सहकारी संस्थाहरुको भौतिक क्षमता विकास तथा नवप्रवर्तनकारी प्राविधिक विकासमा सहयोग गर्ने नीति लिईनेछ ।

४३. दैनीक उपभोग्यवस्तु, कृषि सम्बन्धी औजार एवं मलवीउ, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

४४. नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा

व्यवसाय सञ्चालन गर्न सहकारी र वित्तीय संस्थासँगको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाकालागि पहल गरिने छ ।

४५. स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै विकास र उत्पादनमा सहकारीसंगको साझेदारी र सहकार्यमा जोड दिइनेछ ।

४६. कृषी सहकारीहरुलाई प्रोत्साहन गरी कृषी बजारीकरण र विकासमा लगानी बृद्धि गर्ने नीति लिईनेछ । गाउँपालिका भित्र एकीकरण हुने सहकारीहरुलाई करछुटको व्यवस्था गरिनेछ । सहकारी मार्फत कृषिजन्य उत्पादन तथा कृषी मलको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ ।

४७. गाउँपालिका भित्रका सम्पूर्ण सहकारीलाई सहकारीको सिद्धान्त, वित्तिय सेवा तथा प्रविधिको पहुँच विस्तार गर्न सहकारी शिक्षा तथा तालिम सँचालन गरिनेछ। गाउँपालिका क्षेत्र भित्र सँचालन हुने सहकारी संस्थाहरुको दर्ता, अनुमति, खारेजी र विधटन सम्बन्धी कार्यलाई थप प्रभावकारी तुल्याईनेछ । बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने सहकारीहरुलाई वित्तिय अनुशासन कायम गर्न बाध्यकारी ब्यबस्थाको परिपालनालाई कठोरतापुर्वक कार्यान्वयन गरिनेछ ।

**सबैको सहभागितामा पर्यटन प्रबर्द्धनः**

४८. बालीघाट क्षेत्र, अकलादेवी मन्दीर, मौला डाँडा, मौलाकाली डाँडा, चम्के गुफा, वतासे गुफा, स्यालपानी लगायतका विभिन्न गुफाहरु, शिरपोखरी तथा

विभिन्न मठमन्दिर तथा गुम्वाहरु साथै लालीगुराँश क्षेत्र लगायतका पर्यटकिय क्षेत्रहरुको सँरक्षण र प्रबर्द्धनको लागि आधारभुत पुर्वाधारहरुमा लगानी गरिनेछ। तिनिहरुको अद्यावधिक विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

४९. खेलकुद पर्यटन, कृषी पर्यटन, धार्मिक तथा साँस्कृतिक पर्यटन र प्राकृतिक पर्यटनको अनुपम गन्तव्यको रुपमा एकीकृत विकास गरिनेछ ।

५०. गाउँपालिका क्षेत्र भित्र संचालित दरै होमस्टे र ल्हापे होमस्टेको क्षमता विकास गरिनेछ। नयाँ घरवास क्षेत्रहरुको पहिचान र स्थापना गरिनेछ । अतिथि सत्कारको सभ्यता तथा तालिम संचालन गरिनेछ।

५१. गुरुङ भिलेज (कास्की) देखी थारु भिलेज (अमलटारी) सम्मको पर्यटकिय पदमार्ग स्थापनाको लागी सम्भाव्यता अध्ययन गरिनेछ । त्यसको लागी प्रदेश सरकारसंग समन्वय गरिनेछ।

५२. बौदीकाली गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला र प्रदेश सरकारको पर्यटन योजनासँग एकीकृत गरिनेछ ।

**उद्योग तथा बाणिज्य र निजी क्षेत्रसंगको साझेदारीः**

५३. Innovation मा आधारित Start-up व्यवसाय स्थापना र संचालनमा सहजीकरण गरिनेछ । उद्यमशिलता विकास, संरक्षण र पहुँच गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

५४. श्रममा आधारित तथा कृषी तथा पशुजन्य उद्योग स्थापनाको लागि निजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

बौदीकाली गाउँपालिका

५५. साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थहरुमा आधारित उद्योगहरु स्थापना गर्न जोड दिईनेछ ।

५६. बौदीकाली गाउँपालिका वडा नं. २ स्थित वैडामा एउटा उद्योग ग्राम निर्माणको काम शुरु गरिनेछ र थप लगानीको लागि संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

५७. गरिवि निवारणका लागि लघु उद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ। दलित, जनजाती तथा महिलाहरुको सीपमा आधारित उद्योगहरुको विकास गरिनेछ।

५८. विभिन्न प्रकारका घरेलु उद्योगहरुको स्थापना गरी सँचालन तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ । परम्परागत घरेलु उद्योगहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ । प्रविधि हस्तान्तरण र बजार संरक्षण गरिनेछ।

५९. बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

६०. निजि क्षेत्र तथा सहकारीहरु सँगको सहकार्यमा सुपथ मुल्य पसल सँचालन गर्न प्रोत्साहन गरिनेछ ।

६१. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६२. सार्वजनिक निजी साझेदारी मार्फत परियोजनाहरुको सँचालन र व्यवस्थापन गर्नको लागी आवश्यक कानुन तर्जुमा गरिनेछ । सम्भावित आयोजनाहरु पहिचान गरी प्राथमिकिकरण गरिनेछ ।

६३. फोहरमैला तथा सरसफाइ व्यवस्थापनको कार्यलाई सार्वजनिक—निजी साझेदारीमा संचालन गरिनेछ ।

६४. गाउँपालिकाको मुख्य मुख्य बजार क्षेत्र र चोकमा सार्वजनीक शौचालय निर्माण गरी सार्वजनिक निजी साझेदारी मार्फत संचालन एवं व्यवस्थापन गरिनेछ ।

## सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

### शिक्षाक्षेत्रको विकास र सुधारः

६५. गाउँपालिका भित्र शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पुरा गर्न राष्ट्रिय प्राथमिकतासंग तादम्यता मिलाउदै पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शिक्षाको क्षेत्रमा लगानी गरिनेछ ।

६६. विपन्न परिवारका विद्यार्थीहरुलाई आङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराईनेछ ।

६७. आधारभुत तहसम्मको शिक्षालाई प्रतिस्पर्धी, गुणस्तरीय, रोजगारमुलक र उत्पादनमुखी बनाई हाम्रै आवश्यकता बमोजिमको मानवसंसाधन विकासको आधार तयार गरिनेछ । गुणस्तरीय माध्यामिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभुति गरिनेछ ।

६८. मेरै गाउँमा मेरै प्राविधिक कार्यक्रम संचालन गरिनेछ । त्यसका लागि गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको लागी प्राविधिक शिक्षाको लागी छात्रवृत्तिको ब्यबस्था गरिनेछ ।

६९. सबै माध्यामिक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम लागु गरिनेछ ।

७०. विद्यालयहरुको भौतिक तथा शैक्षिक पूर्वाधार विकासको अवस्था, आवश्यकता पहिचान तथा अन्य विषयहरुको नियमित अनुगमन गरिनेछ । त्यसको लागि रणनीतिक समिति गठन गरी परिचालन गरिनेछ ।

७१. बिचैमा विद्यालय छाड्ने कारण पहिचान गरी प्रारम्भिक वाल विकास तथा अन्य कक्षामा समतामुलक पहुँच सुनिस्चित गरी बिद्यालय उमेर समुहका सबै बालबालिका विद्यालयमा भएको सुनिश्चित गरिने छ । विद्यालय भर्नादरलाई बढाउने कार्यक्रम संचालन गरिनेछ।

७२. सबै विद्यालयहरुमा इन्टरनेट र प्राविधिक उपकरणहरुको सुविधा उपलब्ध गराई विद्युतिय शिक्षण सिकाई प्रक्रियालाई सहजीकरण गरिनेछ ।

७३. सबै विद्यालयवाट GESI Focal Teacher व्यवस्था गरी विद्यालयलाई छात्रामैत्री बनाइने छ ।

७४. दलित, अपाङ्ग, एकल महिला, गरिव तथा विपन्न नागरिकका छोराछोरीहरुलाई निःशुल्क पठनपाठनको ब्यबस्था मिलाउन विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

७५. बौदीकाली गाउँपालिका क्षेत्रभित्र एउटा आँगिक क्याम्पस स्थापना गर्ने तयारी गरिनेछ।

७६. प्राविधिक, बैज्ञानिक, व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने शिक्षालयहरु स्थापना गर्न सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

७७. आगामी आर्थिक बर्षमा कक्षा १ देखी ५ सम्म लागु गर्ने गरी स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ ।

७८. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरिनेछ। विद्यालय समायोजनलाई निरन्तरता दिईनेछ ।

७९. आधारभुत तहको परिक्षालाई मर्यादित बनाउन परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन कार्यविधिको तर्जुमा गरिनेछ ।

८०. शिक्षक सिकाईको गुणस्तर कायम गर्न विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ ।

८१. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक वालविकासको अवसर विस्तार गरिनेछ ।

८२. विद्यालयमा उमेर समुहका आफना परिवारका बालबालिकाहरुलाई विद्यालय भर्ना नगराएमा कानुन बमोजिक कारवाही हुने तथ्य अभिभावकहरुलाई बोध गराउन अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

८३. जिल्ला भित्र वा वाहिरका नमुना विद्यालयहरसंग साझेदारी गरी अनुभव आदानप्रदान एवं शैक्षिक गुणस्तर बृद्धि गर्ने खालका कृयाकलापहरु संचालन गरिनेछ ।

८४. एक वडा एक पुस्तकालय स्थापना गरिनेछ । क्रमशः क्षमता विकास गरिनेछ। ई- पुस्तकालय स्थापना गर्ने नीति लिईनेछ ।

८५. विद्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवं शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणस्तर अभिबृद्धि गरिनेछ।

८६. विद्यालयहरुको नक्सांकन गरी  राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ ।

८७. सामुदायिक विद्यालयलाई गरिने पूर्वाधार सहयोगमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ । साथै सबै विद्यालयहरुमा सुविधासम्पन्न कम्प्युटर प्रयोगशाला बनाउने नीति लिईनेछ ।

८८. गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयमा अध्ययन गरी कक्षा १० को परीक्षामा उत्कृष्ट हुने छात्र र छात्रालाई पुरस्कृत एवं सम्मान गरिनेछ ।उत्कृष्ट विद्यालय, प्रधानअध्यापक र विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गरिनेछ।

८९. विद्यार्थीहरुको रुचीको आधारमा सबैलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गर्न स्थानीय तह स्तरीय संयन्त्रको विकास गरिनेछ ।

९०. गाउँपालिकाका स्वीकृत कार्यक्रमहरु संचालन गर्नको लागी सामुदायिक सिकाई केन्द्रहरुको परिचालन गर्ने नीति लिईनेछ । खासगरी वृति परामर्श (Career Counselling) जस्ता कार्यहरुलाई लाई CLC मार्फत संचालन गरिनेछ ।

**विकास साझेदारहरुसंगको समन्वय र परिचालनः**

९१. गाउँपालिका र विभिन्न संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन हुने सबै कार्यक्रमहरुलाई पारदर्शी र जनउत्तरदायी बनाईनेछ । आवश्य कानुनको तर्जुमा र कार्यान्वयन गरिनेछ। गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ ।

९२. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सबै गैरसरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

**गुणस्तरीय आधारभुत स्वास्थ्य सेवाको व्यवस्थापनः**

९३. संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी हक सबै बौदीकालीवासीले निर्वाध उपभोग गर्न पाउने अवसरको श्रृजना गरी स्वास्थ्य प्रणालीको समुचित विकास, सबै स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने सेवाको गुणस्तरीयता सुधार गर्दै सहज पहुँच सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

९४. गाउँपालिका भित्र आधारभुत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने नीति लिईनेछ । स्वास्थ्य विमामार्फत विशेषज्ञ सेवाको सुलभ पहुँचलाई अभिबृद्धि गरिनेछ । स्वास्थ्य विमाको प्रयोगवारे स्थानीयस्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

९५. आगामी आर्थिक बर्षभित्र गाउँपालिकाको स्वास्थ्य नीतिको तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

९६. गाउँपालिका भित्रका प्रमुख स्वास्थ्य सेवा केन्द्रहरुमा सुरक्षित र भरपर्दो प्रसुती सेवा प्रदान गर्न बर्थिङ सेन्टर स्थापना गरिनेछ । क्रशमः सबै स्वास्थ्य केन्द्रहरुमा विस्तार गर्ने नीति लिईनेछ ।गर्भवती महिला र नवजात शिशुलाई पौष्टिक आहारका लागि विशेष व्यवस्था गरिने छ ।

९७. जटिल प्रकारका प्रसुतीलाई Higher Centre मा रिफर गर्नुपरेमा यातायात सुविधा स्वरुप नगद अनुदान उपलब्ध गराईनेछ ।

९८. आधारभूत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु सहज बनाउन आवश्यक पहल गरिनेछ। प्रजनन स्वास्थ्य, मातृशिशु स्वास्थ्य र परिवार नियोजन सेवालाई प्रभावकारी बनाईनेछ।

९९. स्वास्थ्य र सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि गरी HIV/AIDS लागुपदार्थ तथा दुर्व्यशनी नियन्त्रण र हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

१००. आगामी आर्थिक बर्षमा १५ शैयाको सुविधासम्पन्न बौदीकाली आधारभुत अस्पताल भवनको निर्माण सम्पन्न गरिनेछ । आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१०१. नागरिकलाइ स्वस्थ वनाउन स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुच स्थापित गर्दै सवैको स्वस्थ जीवन प्रत्याभुत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानुनी दायित्वलाई पुरा

गरिनेछ । त्यसको लागी आगामी आर्थिक बर्षमा ३ वटा सामुदायिक स्वास्थ्य एकाईको स्थापना र संचालन गरिनेछ ।

१०२. Universal Health Coverage को अवधारणा अनुसार स्थानीय तहमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थानात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

१०३. आयुर्वेदिक र वैकल्पिक उपचार पद्धतीको प्रबर्द्धन गरिनेछ । स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई थप प्रभावकारी गराइनेछ ।

१०४. गाउँपालिकाले संचालन गर्ने गरी कम्तीमा एक वटा एम्बुलेन्सको ब्यबस्थापन गरिनेछ।

१०५. सबै बौदीकालीवासीहरुलाई रगत र रक्ततत्व निःशुल्क प्राप्त हुने गरी ब्यबस्था गरिनेछ।

१०६. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन गरिनेछ ।

१०७. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायू परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रणलगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गर्ने नीति लिईनेछ ।

१०८. नसर्ने रोगको प्रकोपको न्युनिकरण लागि स्वास्थ्य प्रबर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।



बौदीकाली गाउँपालिका

१०९.	पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यबर्धक खाद्यपदार्थको प्रबर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गर्ने नीति लिईनेछ ।

११०.	नियमित खोपको प्रबन्ध गरिनेछ ।खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई तीव्रता दिईनेछ ।

१११.	स्वास्थ्य क्षेत्रको दीगो विकासको लागी आवश्यक लगानी बृद्धि गरिनेछ।

११२.	विद्यालयहरुसंगको समन्वयमा किशोरकिशोरीहरुलाई दौतरी शिक्षा र यौन शिक्षा सचेतीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

११३.	सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।नसर्ने रोगको रोकथामको लागि पेन प्याकेजलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

११४.	महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आरआरटि लाई तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधि, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी हालतमा राखिने छ ।

११५.	क्षयरोग जस्ता रोगहरुको समयमै पहिचानको लागि ल्याव सेवाको स्थापना तथा विस्तार गरिने छ ।

११६. म.स्वा.स्वं.से. हरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ । त्यसको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहनको कार्यक्रम लागु गरिनेछ ।

११७. खाद्य सुरक्षा, पोषण तथा सरसफाई क्षेत्रको अभिबृद्धि गरिनेछ । ताजा तथा घरेलु उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

११८. आगामी आव भित्र सुरक्षित रुपमा फोहोर सँकलन, बर्गीकरण, पुनः उपयोग, प्रशोधन, विसर्जनको लागि ल्यान्डफिल्ड साईटको पहिचान, विकास र व्यवस्थापन गरिनेछ ।

११९. उपयुक्त स्थानको पहिचान गरी ट्रमा सेन्टरको निर्माणको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

१२०. गाउँपालिका भित्रका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानुन बमोजिम सँचालन नभएको पाईएमा कानुन अनुसार कारवाही प्रक्रिया तुरुन्त शुरु गरिनेछ।

१२१. सुनौला हजार दिनका महिला (गर्भवती तथा सुत्केरी), ५ बर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन संघिय सरकारसंगको साझेदारीमा विगत बर्षदेखि सन्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै पोषणमैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मुलप्रवाहीकरण गर्दै लगिनेछ ।

१२२. योग तथा प्राकृतिक चिकित्सा, होमियोप्याथी, युनानी, अकुपन्चरलगायत अन्य चिकित्सा पद्दतीलाई गाउँपालिकासम्म विकास तथा विस्तार गर्न पहल गरिनेछ ।

१२३. स्थानीय स्तरमा उपलब्ध औषधीजन्य जडिबुटी, खनिज एवं जान्तव द्रव्यको पहिचान, संरक्षण, संकलन, प्रबर्द्धन गर्दै आयुर्वेद चिकित्सामा वैज्ञानिक अनुसन्धान तथा सदुपयोग गरी आतमनिर्भरता अभिबृद्धि गरिनेछ ।

**मौलिकता र संस्कृतिवाट समुन्नतीः**

१२४. कुनै व्यक्ति, जाति वा समुदायको धर्म, दर्शन, सोचविचार, मान्यता, आस्था र विश्वासलाई सम्मान र धार्मिक सहिष्णुताको वातावरण कायम गर्दै सामाजिक सामन्जस्यता कायम गरिनेछ ।

१२५. परम्परागत भौतिक लोककला एवं शिल्पकला उत्पादन गर्ने मौलिक सीप र प्रविधिको संरक्षण र व्यवसायिकरण गरिनेछ ।

१२६. गाउँपालिकाभित्रका रैथाने जातिको पहिचान र संस्कार झल्कने गरी सांस्कृतिक गाँउहरुको पहिचान र विकास गरी पर्यटन प्रबर्द्धन गरिने छ । स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण,विकास र प्रबर्द्धनमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

१२७. स्थानीय स्तरमा प्रचलित समुदायको आफ्नै मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउन पाठ्यपुस्तक बनाई सम्बन्धित भाषा भाषीहरुको बाहुल्यता रहेका क्षेत्रका विद्यालयमा लागु गर्न आवश्यक तयारी गरिने छ ।

१२८. परम्परागत पेसा, व्यवसाय र लोपोन्मुख कला, ज्ञान र सिपको पहिचान गरी सोको संरक्षण र सम्बर्धनका लागि आवश्यक कार्यक्रम बनाई लागू गरिने छ । त्यस्ता क्रियाकलापहरुको प्रचारप्रसार गरी प्रबर्द्धन गरिनेछ ।

१२९. शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्याउने व्यक्तित्वहरुलाई सम्मानित गरिनेछ ।

१३०. अक्षरयात्रा कार्यक्रमको दायरा विस्तार गरी प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३१. बौदीकाली गाउँपालिका भित्र रहेका घाटु, झ्याउरे, सोरठी, कौरा, लाखे, विभिन्न जात्राहरु जस्ता विभिन्न परम्परागत नाचहरु तथा लोक भजन, यानिमाया र सालैजो जस्ता लोक भाकालाई संरक्षण तथा प्रबर्द्धन गरिनेछ । सबै धर्म, जात, भाषा र समुदायका लोक संस्कृतिहरु तथा अमुर्त साँस्कृतिक सम्पदाहरुको एकीकृत अभिलेख तयार गरी संरक्षण र विकास गरिनेछ ।

१३२. आफ्नै पहल तथा सँघ र प्रदेश सरकारसँगको सहकार्यमा संस्कृति संरक्षण र पर्यटन प्रबर्द्धनका लागि फरक पहिचान र विशेषतायुक्त सांस्कृतिक ग्राम र होम स्टे को स्थापना, संचालन र प्रबर्द्धनमा प्रोत्साहन तथा सहयोग गर्ने नीति लिइनेछ।

१३३. गाउँपालिकाभित्र १ वटा सबै जातजाती र संस्कृति झल्कने गरी सांस्कृतिक संग्रहालय गर्ने नीति लिईनेछ।

१३४. सांस्कृतिक सम्पदा क्षेत्रको मौलिक एवं ऐतिहासिक वातावरणको पहिचान र संरक्षणमा जोड दिईनेछ ।

**सामाजिक समावेशीकरण सहितको गाउँपालिकाः**

१३५. नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८ तथा विभिन्न समयमा नेपाल राष्ट्र पक्ष भई जारी गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुले बालबालिकाको अधिकारको लागि व्यवस्था गरेका प्रावधानहरु पुरा गर्न आवश्यक तयारी तथा कार्यान्वयन गरिनेछ ।

१३६. अभिभावकविहिन, हिंसा, दुर्व्यवहार, शोषण, बेचविखन, बालविवाह जस्ता कारणवाट जोखिमको अवस्थामा रहेका वालवालिकाहरुको उचित संरक्षण, पुनस्थापना, निःशुल्क शिक्षाको ग्यारेन्टी तथा उनीहरुको सीपशिक्षामा जोड दिने नीति अवलम्बन गरिनेछ ।

१३७. बालिका तथा किशोरी माथि भौतिक वा विभिन्न अनलाईन मार्फत हुन सक्ने यौनजन्य शोषण र अपराधलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१३८. विपद् वाट हुनसक्ने जोखिममा बालबालिका, अपाङ्ग, असहाय, महिला तथा जेष्ठ नागरिकहरुलाई अग्राधिकार दिई आवश्यक प्रवन्ध गरिनेछ ।

१३९. जन्मदर्ता, नागरिकता, राष्ट्रियपरिचयपत्र आदीवाट बञ्चित बालबालिकालाई राज्यको आभाष दिई परिचयपत्रको सुनिश्चितताको लागि पहल गरिनेछ ।

१४०. नेपालको संविधान प्रत्याभुत गरेको खाद्य सम्प्रभुताको हक, आवासको हक प्रचलन गराउने, भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा समुचित उपयोग गर्ने, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने, आवासबिहीन दलितलाई बसोबासको व्यवस्था, भूमिमाथि किसानहरू र भूमिहीन सुकुम्बासीहरूको अधिकार सुनिश्चित गर्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्न राष्ट्रिय भूमि आयोगसंगको सहकार्य र समन्वयमा गाउँपालिका भित्र रहेका भूमिहिनहरुको तथ्याँक अद्यावधिक गरि विशेष कार्यक्रम सँचालन गरिनेछ ।

१४१. युवा, दलित, महिला, विपन्न, बालबालिका तथा सीमान्तकृत समुदायमा सशक्तिकरणका विशेष लक्षित बर्ग कार्यक्रमहरुलाई परिणाममुखी र ब्यबस्थित रुपमा सँचालन गरिनेछ । प्रत्येक बर्ष लैङ्गिक समानता र सामाजिक समावेशिकरण परिक्षण सम्पन्न गरी नतिजा सार्वजनिक गरिनेछ ।

१४२. गाउँपालिकाको विकास प्रयासमा तर्जुमा, श्रोत साधनको बाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायि र सामाजिक रुपमा समावेशी बनाउन अधिकतम प्रयास गरिनेछ ।

१४३.	महिला हिंसा, छुवाछुत, बालश्रम, बहुविवाह, यौन हिंसा जस्ता सामाजिक अपराधहरु/ सामाजिक कुरितिहरुको नियन्त्रणमा प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१४४.	महिला सहभागिता, नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

१४५.	एकल तथा दलित महिलाहरुको हित प्रबर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।

१४६.	सामाजिक सचेतीकरण, सशक्तीकरण, सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ । विकास आयोजनाको सञ्चालनमा महिला लगायत सिमान्तकृत समुहलाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ ।

१४७.	जुनसुकै पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।

१४८.	बालबालिकामाथी हुने वा हुनसक्ने सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारवाट उनीहरुलाई संरक्षण गरिनेछ । त्यसका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१४९.	गाउँपालिका क्षेत्रभित्रका सवै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिका स्तरमा वालक्लव र वालसंजाल गठन र पुनर्गठन गरी प्रचलित

कानुन अनुसार दर्ता गराई आफ्नो धारणा बनाउन सक्षम बालबालिकाहरुलाई निजहरुसंग सम्बद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । साथै नियमित रुपमा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

१५०. बालन्याय प्रणालीलाई सुदृढ बनाई कार्यान्वयन गरिनेछ ।

१५१. बालमैत्री स्थानीय तह निर्माणको लागी आवश्यक प्रबन्ध गरिनेछ । बाल अधिकारको सुनिश्चितता कायम गरिनेछ ।

१५२. बालसंरक्षणका सवालहरुलाई गाउँपालिकाको आवधिक तथा दीर्घकालिन योजनामा अनिवार्य प्राथमिकताकासाथ समावेश गरिनेछ ।

१५३. पछाडी परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका समुदायको विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरी समानुपातिक विकास गरिनेछ ।

१५४. गाउँपालिकाको विकास प्रयासलाई सामाजिक समावेशिकरण र लैङ्गिकीकरण गरिदैं लगिनेछ ।

**खेलकुद मार्फत राष्ट्र निर्माणमा योगदानः**

१५५. खेलकुदको माध्यमवाट स्वस्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र श्रृजनशिल नागरिक तयार गर्न तथा राष्ट्रिय विकासमा टेवा पुर्याउन प्रयाप्त अवसरहरुको श्रृजना गरिनेछ ।

१५६. हरेक वडावाट खेलकुदको विकास, विस्तार र प्रबर्द्धन तथा खेलाडीहरु उत्पादन गर्न एक वडा- एक खेल मैदान- एक प्रतियोगिता को अवधारणा

कार्यान्वयन गरिनेछ। वडाहरुमा खेलमैदानको लागी जग्गा पहिचान तथा खेलकुद पूर्वाधार विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१५७. सुस्वास्थ्य र तन्दुरुस्तीका लागि सबै उमेर समुहका व्यक्तिहरुलाई खेलकुदमा व्यापक सहभागिताका लागि प्रोत्साहन गरिनेछ ।

१५८. खेलाडीहरुलाई पर्याप्त अनुभव र अवसर प्रदान गर्न स्थानीय स्तरदेखि प्रादेशिक र राष्ट्रियस्तरसम्म खेलकुदका कार्यक्रमहरु आयोजना र सहभागिता गराईनेछ ।

१५९. खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाउन तथा बालबालिकाहरुको शारिरिक तथा मानशिक विकासका लागि विद्यालयस्तरवाट नै खेलकुद विकास गर्न प्रत्येक विद्यालयमा अनिवार्य खेल मैदानको व्यवस्था गरिनेछ ।

१६०. बौदीकाली १ माईतीघाट र बौदीकाली २ राजाको चौपारीस्थित जग्गामा आधुनिक सुविधासम्पन्न रंगशाला निर्माण गरिनेछ ।

१६१. विभिन्न प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने आधिकारिक टोलीलाई प्रोत्साहन गरिनेछ ।

१६२. गाउँपालिका तथा वडा स्तरीय खेलकुद समिति गठन र परिचालन गरिनेछ ।

**हाम्रो प्राथमिक दायित्वः सामाजिक सुरक्षा तथा स्थानीय शान्ति सुरक्षा**

१६३. नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका,

आफ्नो हेरचाह आफैं गर्न नसक्ने ब्यक्तिहरुलाई राष्ट्रिय नीति अनुसार सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

१६४. ८५ बर्ष उमेर नाघेका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप बार्षिक रुपमा चाडपर्व खर्च उपलब्ध गराउने कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

१६५. विधुर पुरुष सामाजिक संरक्षण प्रोत्साहन भत्ता वितरण कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

१६६. अग्रज स्रष्टा सम्मान र उपचार सहयोग कोषको स्थापना र संचालन गरिनेछ।

१६७. गाउँपालिका प्रहरी सेवा गठन गरी स्थानीय शान्ति तथा सुव्यवस्था कायम गरिनेछ।

१६८. विद्यार्थी संग प्रहरी, युवासँग प्रहरी जस्ता कार्यक्रमहरु जिल्ला प्रहरी कार्यालयसंगको समन्वयमा सँचालन गरिनेछ ।

१६९. नरम, ववक र रुचाङ्ग कार्यक्षेत्र रहने गरी प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायसंग समन्वय गरिनेछ । कालीगण्डकी करिडोरको उपयुक्त स्थानमा प्रहरी विट स्थापना गरीनेछ ।

१७०. सामाजिक सुरक्षा सम्बन्धी तथ्याङ्कलाई अधिकतम शुद्ध बनाईनेछ । बैंकिङ प्रणालीवाट सामाजिक सुरक्षा वितरण पद्दतीलाई सरल बनाईनेछ ।

१७१. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिइनेछ ।

१७२. बौदीकाली गाउँपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरिनेछ ।

## युवा, रोजगारी तथा गरिबि निवारणः

१७३. युवाहरुलाई परिवर्तनका संवाहक र दीगो विकासका उत्प्रेरक शक्तिको रुपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र मानव अधिकारका आधारभुत सिद्दान्त एवं मुल्यमान्यताहरुको बोध गराउने कार्यक्रम संचालन गरिनेछ ।

१७४. युवाको उमेर समुहको आवश्यकतानुसार शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवाहरुलाई लक्षित गरि कार्यक्रम संचालन गरिनेछ।

१७५. "गाउँपालिकाको लागी स्वयंसेवा" कार्यक्रममार्फत रोजगारीमा आवद्ध गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१७६. बौदीकाली गाउँपालिकालाई युवा तथा किशोरकिशोरीमैत्री, परम्परागत हानिकारक अभ्यास, विभेद र हिंसामुक्त स्थानीय तहको रुपमा विकास गरिनेछ।

१७७. साझा सवाल पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा युवाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

१७८. युवा स्वरोजगार, उद्यमशिलता विकास तथा कृषीमा युवाहरुलाई आकर्षित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१७९. नमुना युवा संसद अभ्यासका लागि समन्वय र सहजीकरण गरिनेछ ।

१८०. युवा विकासको लागि नीति सम्बाद कार्यक्रम संचालन गरिनेछ । युवा प्रतिभा पहिचान र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । साथै युवा परिचालन मार्फत युवा उद्यम कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१८१. लघु, साना तथा मझौला उद्यम समेतका व्यवसाय आरम्भ गर्न उद्यमशीलता तालिम तथा व्यवसाय विकास सेवा प्रदान गरिने छ । युवाहरुलाई स्वरोजगारी तर्फ उन्मुख गराउन व्यवसाय शुरुवात (Start-Up) अनुदान दिने ब्यबस्था गरिनेछ । ज्ञान, सीप हस्तान्तरण प्रक्रियालाई सहजीकरण गरिनेछ।

१८२. युवा रोजगारीको लागी प्रभावकारी कार्ययोजना तयारी गरी कार्यान्वयन गरिनेछ।

१८३. कक्षा आठ भन्दा मुनिको विद्यालय शिक्षा प्राप्त गरी श्रम बजार प्रवेश गरेका युवालाई लक्षित गरि तालिम कार्यक्रम संचालन गरिनेछ ।

१८४. युवाहरुको निम्ति रोजगार सम्बन्धी सुचना र कार्यक्रममा पहुँच बढाउन युवा परामर्श सेवा लगायतका संयन्त्रहरुको स्थापना गरिनेछ । अनौपचारिक क्षेत्रका श्रमिक कामदारहरुको पञ्जीकरण गरिनेछ । तथ्यांक व्यवस्थित गरी निजहरुको हित प्रबर्द्धन हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

१८५. युवाको क्षमता र शैक्षिक स्तरमा आधारित व्यवहारिक, प्राविधिक र श्रम बजार सुहाउदों शिक्षा र तालिममा जोड दिदैं उद्यमशिलता र स्वरोजगारलाई प्रोत्साहन गरिनेछ।

१८६. गाउँपालिकामा IDEA BANK स्थापना गरी बौद्दिक सम्पत्तिहरु एकत्रित गरि रोजगारीसंग आवद्ध गर्दै लगिनेछ ।

१८७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नतिजामुखी बनाईनेछ।

१८८. परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

## पुर्वाधार तथा भौतिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः

### सुचना तथा सँचार प्रविधिः

१८९. गाउँपालिकाका विकास कार्यक्रम, सेवा तथा योजनाका बारेमा बौदीकालीवासीलाई सुसूचित गर्न “बौदीकाली मुखपत्र” प्रकाशन गरिने छ । साथै अनलाईन कार्यक्रम उत्पादन गरिनेछ ।

१९०. स्थानीय पत्रपत्रिका, स्थानीय एफ. एम. रेडियो एवं टेलिभिजनमार्फत गाउँपालिकाका गतिविधिहरु, प्रकाशन, एवं प्रसारण गरिनेछ ।

१९१. नेपाल टेलिकमसँगको समन्वयमा अप्टिकल फाईवर विस्तार तथा ल्याण्डलाईन टेलिफोन विस्तारलाई प्राथमिकता दिईनेछ ।

१९२. संचार तथा पत्रकारिताको विकास अभिबृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१९३. १०० वाट सम्मका एफएम रेडियो सँचालन, अनुमति, नविकरण, नियमन र खारेजी सम्बन्धी कार्य गर्नको लागि कानुनको तर्जुमा गरिनेछ ।

प्रदेश कानुनको अधिनमा रही एफएम सँचालन सम्बन्धि अन्य कार्यहरु गरिनेछ।

१९४. बौदीकाली क्षेत्रको पहिचान सञ्चार/पत्रकारिताको माध्यमवाट समेत गराउन यसको गरिमालाई अझ बढी उचो बनाउन, आर्थिक सामाजिक र पूर्वाधार समेतका समग्र विकास अभियानलाई अझ बढी योगदान दिन प्रोत्साहित गर्ने उद्देश्यले सञ्चारकर्मी/सञ्चार माध्यमको क्षमता विकास सम्बन्धी कार्यक्रम सँचालन गरिनेछ। साथै गाउँपालिकाको समृद्धि तर्फको यात्रामा सहयोग गर्ने पत्रकार/ सँचारकर्मी/सञ्चार माध्यमलाई थप प्रोत्साहित गर्नको लागि **बौदीकाली पत्रकारिता पुरस्कार** लाई निरन्तरता दिईनेछ। आगामी आर्थिक बर्षमा प्रथम पटक वितरण गरिनेछ ।

१९५. आगामी आर्थिक बर्ष भित्र सबै सार्वजनिक संस्थाहरुमा गुणस्तरीय ईन्टरनेटको पहुँच पुर्याईने छ ।

१९६. विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौती सामना गर्न सुचना तथा संचार प्रविधिमा आधारित नविनतम तथा मौलिक प्रयोग प्रबर्द्धन विशेष कार्यक्रम शुरुवात गरिनेछ ।

१९७. सुचना तथा संचार प्रविधिलाई युवा, महिला तथा बालबालिका सम्बन्धी विषयहरु मूल प्रवाहीकरण गर्ने माध्यमको रुपमा स्थापित गर्दै लगिनेछ ।

१९८. सुचना तथा संचार प्रविधिको नविनतम प्रयोऊ मार्फत कृषि क्षेत्रको उत्पादकत्व, प्रतिस्पर्धी क्षमता र बजार विस्तार लगायतका विषयहरु सम्बोधन गरिनेछ ।

**स्थानीयस्तरका आयोजना संचालनः**

१९९. भौतिक तथा सामाजिक पूर्वाधारको माध्यमवाट महिला, अपाँग, पिछडिएको क्षेत्र, उत्पीडित, उपेक्षित एवं दलित वर्ग सहितका सबै स्थानीय जनताहरुको सामाजिक सेवा, आर्थिक अवसर र श्रोतको पहुँचमा अभिबृद्धि हुने कार्यक्रह तथा आयोजनाहरु संचालन गरिनेछ ।

२००. स्थानीय पूर्वाधार विकासका लागि उपयुक्त संस्थागत संरचनाको विकास एवं प्राविधिक क्षमताको अभिबृद्धि गरिनेछ ।

२०१. स्थानीय आयोजनाहरुको कार्यान्वयनलाई दीगो र भरपर्दो बनाउन श्रममुलक, बातावरण-मैत्री तथा सहभागितात्मक कार्यप्रणाली अपनाईनेछ ।

२०२. आगामी आर्थिक बर्षमा सँचालन हुने प्राविधिक रुपले सम्भावित सबै आयोजनाहरुमा कम्तीमा ६० प्रतिशत structure को काम अनिवार्य गर्नुपर्ने व्यवस्थालाई अनिवार्य लागु गरिनेछ ।

२०३. विषयक्षेत्रगत योजना तथा परियोजना तर्जुमा, प्राथमिकिकरण, सँचालन र व्यवस्थापनमा सक्रिय जनसहभागिता जुटाईने छ । सबै भाषा, बर्ग, क्षेत्र, लिङ्ग र भूगोलको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिनेछ ।

२०४. प्रत्येक योजनाको प्रभाव (Outcomes) मुल्याङ्कन गरि लगानीको अनुपातमा उपलब्धी मुल्यांकन गर्ने नीति अपनाईनेछ ।

२०५. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गरिनेछ ।

२०६. सरकारी भवन, विद्यालय भवन, सभागृहको निर्माणमा जोड दिईनेछ ।

२०७. संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहजीकरण र सहयोग आदानप्रदान गरिनेछ ।

२०८. सुरक्षित नागरिक आवास कार्यक्रम निरन्तर संचालन गरिनेछ ।

२०९. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।

२१०. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाईनै जिम्मेवार बनाउने नीति लिइनेछ ।जसको लागि गाउँपालिकाको समन्वय र सहकार्यमा “उपभोक्ताको जिम्मा” अभियानलाई निरन्तरता दिईनेछ ।

२११. उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति र वडा समितिलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

२१२. काबु भित्रको परिस्थितिमा पनि सम्झौता बमोजिम कार्य सम्पन्न नगर्ने, तोकिए बमोजिम काम नगर्ने, सरकारी सम्पत्तिको हानि नोक्सानी वा दुरुपयोग गर्ने उपभोक्ता समितिहरुलाई कालोसुचीमा राखिनेछ ।

२१३. गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई गरिवि न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक र भौगोलिक विभेद कम गर्दै जाने नीति लिइनेछ ।

२१४. विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल, विकासको वर्तमान अवस्था, आन्तरिक आयमा योगदान, विगतमा योजनाहरुको कार्यान्वयनको अवस्था, सामुदायिक अग्रसरता, गाउँपालिकाको निर्देशनको पालना जस्ता सूचकका आधारमा वडामा श्रोत साधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ ।

२१५. गैरसरकारी संस्था, सामुदायिक संघसंस्था एवं उपभोक्ताहरुको समुह तथा निजि क्षेत्रलाई स्थानीय आयोजना संचालनमा साझेदार निकायको रुपमा संलग्न गराईनेछ ।

२१६. उपभोक्ता समिति मार्फत पूर्वाधार विकास कार्यक्रम संचालन गर्दा आवश्यकताको आधारमा हेभि मेशिनहरुको प्रयोग गर्न सक्ने नीति अवलम्बन गरिनेछ ।

२१७.	स्थानीय आयोजना कार्यान्वयन क्यालेण्डर निर्माण गरी लागु गरिनेछ ।

**विद्युत र उर्जामा सबै गाउँपालिकावासीको पहुँच स्थापनाः**

२१८.	आगामी आर्थिक बर्षभित्र गाउँपालिका भित्रका सबै वडाहरुमा केन्द्रिय प्रशारण लाईनको विद्युत पुर्याउने व्यवस्था गरिनेछ ।

२१९.	निर्माण भई सँचालनमा रहेका लघु जलविद्युतहरुको मर्मत सँभार र क्षमता विस्तार गरिनेछ ।

२२०.	एक मेगावाट सम्मका जलविद्युत आयोजनाहरुको सँचालन र व्यवस्थापन सम्बन्धी नीति, कानुन तथा अन्य कानुनी पुर्वाधारको विकास गरिनेछ । लगानीको लागी निजी क्षेत्रलाई स्वागत गर्ने नीति लिईनेछ ।

२२१.	स्थानीय बिद्युत उत्पादन तथा वितरण प्रणाली र विद्युत सेवाको व्यवस्थापन, सँचालन, अनुगमन तथा नियमन गरिनेछ ।

२२२.	गाउँपालिकामा बैकल्पिक उर्जा सम्बन्धी प्रविधिको विकास र प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिईनेछ ।

२२३.	बैकल्पिक उर्जा तथा नविकरणिय उर्जाको क्षेत्रका पर्याप्त लगानी गर्ने नीति लिईनेछ । सौर्य उर्जा, बायु उर्जा, गोवरग्यासको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

२२४.	गाउँपालिकास्तरमा नविकरणिय उर्जाको विकास र प्रबर्द्धन गर्नको लागि उचित र आवश्यक लगानि गर्ने ब्यबस्था गरिनेछ ।



बौदीकाली गाउँपालिका

**सिंचाई सेवाको उपलब्धताः**

२२५. गाउँपालिका भित्रको सिंचाई क्षेत्रको विकास तथा विस्तार सम्बन्धी चुनौतीहरुको सम्बोधन गर्न गाउँपालिका क्षेत्रभित्रका सिँचाईका मुख्य श्रोतहरु तथा जलाधार क्षेत्रको विस्तृत नक्साङकन गरीनेछ । मुख्य खोला र तिनका जलाधार क्षेत्रहरुको इन्भेन्ट्री प्रोफाईल तयार गरिनेछ । गाउँपालिकास्तरीय सिंचाई गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

२२६. भौगोलिक र धरातलिय भिन्नताको आधारमा विविध प्रकृतिको सिंचाई प्रविधि, संरचना र श्रोतको आवश्यकता र महत्वलाई उचित तवरवाट दृष्टिगत गरी सबै विधिहरुको उच्चतम उपयोग गर्ने नीति लिईनेछ ।

२२७. जलवायू परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायू जोखिम व्यवस्थापन एवं प्रकोप जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरी अनुकुलन र अल्पीकरण कार्यक्रममा जोड दिईनेछ ।

२२८. मुहान संरक्षण तथा जलाधार संरक्षणको लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

२२९. प्रत्येक वडामा ठुलो सिँचाई प्रणालीको विकास गर्नको लागी विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ ।

**शुद्ध खानेपानीमा सबैको पहुँच स्थापनाः**

२३०. गाउँपालिकाभरी सफा र सुरक्षित खानेपानीको सुविधा उपलब्ध गराउन एकघर एकधारा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२३१. गाउँपालिका भित्र रहेका सार्वजनिक पानीको मुहान र निकासलाई संरक्षण गरिनेछ। पानीको मुहान र निकासलाई असर पर्ने गरी कुनैपनि संरचना निर्माण गर्न दिईनेछैन ।

२३२. गाउँपालिका क्षेत्रको खानेपानीलाई सुरक्षित, स्वस्थ्य र भरपर्दो बनाउन "एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना" र विस्तृत डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ।

२३३. खानेपानीको मुहान, सीमसार तथा जलाधार क्षेत्रको सँरक्षण गर्ने नीति लिईनेछ। गाउँपालिका स्तरीय जलश्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाईनेछ ।

२३४. प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा लिफ्टिङ खानेपानी र डिप बोरिङ खानेपानी प्रविधिको प्रयोग गरिनेछ ।

**दीगो र स्तरीय सडक पूर्वाधारः**

२३५. गाउँपालिका भित्रका सबै सडकहरुको तह, तिनको अधिकार क्षेत्र तथा ति सडक छेउमा भवन निर्माणको लागि छोड्नुपर्ने सेटव्याक सडक विभाग र राष्ट्रिय सडक मापदण्ड बमोजिम तोकि कार्यान्वयन गरिनेछ ।

२३६. नयाँ निर्माण तथा स्तरोन्नी हुने सडकहरु कम्तीमा ८ मिटरको हुने नीति लिईनेछ ।

२३७. गाउँपालिका चक्रपथलाई कालोपत्रे गर्ने कार्य शुरु गरिनेछ । चक्रपथलाई १२ महिनानै चल्ने गरी स्तरोन्नती गरिनेछ । All weather

Roads को अवधारणा कार्यान्वयन गर्न बाटो हेरालुको व्यवस्था र परिचालन गरिनेछ ।

२३८. बौदीखोला करिडोर र निरन्दीखोला करिडोरको निर्माण गरिनेछ ।

२३९. माईतीघाट- डाँडाथर-चारघरे मोटरवाटो, भुलाड-खहरे-रिव्दी मोटरबाटो, सिउनदेखी- खैरेनीटार मोटरवाटो, बौदीखोला देखी कुवाकोट मोटरवाटो, शेरा देखी नगरडाँडा हुदै ल्हापे मोटरबाटो, सोतीपलक देखी चापा भन्ज्याङ जोड्ने मोटरबाटो, थोत्रेनी-राईका-राउदी मोटरबाटो, राईकोट- चापाभन्ज्याङ- मधुकोट- मौलाथर- आमडाँडा- राईका- वटाङ- सांगुरी पुल मोटरवाटोहरुको स्तरोन्नतीको कार्य गरिनेछ। त्यसको लागी संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

२४०. नयाँ ट्रयाक खन्ने कार्यलाई न्युनीकरण गरिनेछ । नयाँ सडक निर्माण गर्नै पर्ने अवस्थामा सडकको पहुँच नपुगेको वस्तीलाई प्राथमिकता दिईनेछ ।

२४१. गाउँपालिका भित्र निर्माण तथा स्तरोन्नती र मर्मत गरिने सबै सडकहरुको झुकाव बढीमा १२ प्रतिशत हुने गरी निर्माण गर्ने व्यबस्थालाई अनिवार्य गरिएको छ ।

२४२. सडक निर्माणको कार्य गर्दा कम्तीमा ६० प्रतिशत structure जस्तै वाल, नाली, ग्रावेल आदीको कार्य अनिवार्य गरिनेछ ।

**भवन तथा शहरी विकासः**

२४३. स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रही गाउँपालिका क्षेत्रभित्र जोखिम संवेदनशिल भूउपयोग नक्सा तयार गरी कार्यान्वयन गरिनेछ ।

२४४. गाउँपालिका भित्र Soil Stability तथा Bearing Capacity कम भएको तथा Liquefaction high risk areas हरु Geotechnical Investigation बाट पहिचान गरी धेरै भिरालो जमिन, बालुवाको सतह, सम्भावित बाढी आउनसक्ने र भिरालो जमिनको फेदीवाट सुरक्षित दुरी छाडेर मात्र भवन निर्माणको अनुमति दिने प्रबन्ध गरिनेछ ।

२४५. गाउँपालिका भित्रका सामुदायिक खुल्ला क्षेत्रहरुमा संवेदनशिल सेवाहरु (विद्युत, खानेपानी, सार्वजनिक शौचालय, ढलनिकास) बाहेक अन्य कुनै पनि संरचना निर्माणको लागि स्वीकृती प्रदान गरिनेछैन ।

२४६. राष्ट्रिय भवन सँहिता तथा मापदण्ड, स्थानीय भवन निर्माण र सडकको आधारभुत मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२४७. न्युनतम सुविधा सहितको वसपार्क निर्माण गर्नको लागि जग्गाको पहिचान भईसकेको छ, थप जग्गा प्राप्ति र संभाव्यता अध्ययन सहित कार्यान्वयन प्रक्रिया अघि बढाईनेछ ।

२४८. बौदीकाली गाउँपालिका क्षेत्रका संम्पूर्ण सडकहरुलाई समेटने गरी बौदीकाली यातायात गुरुयोजना (RMTMP) लाई कार्यान्वयनमा ल्याईनेछ । विवरण अद्यावधिक गरिनेछ ।

२४९. एक घर-दुई फलफुल विरुवा कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

२५०. कालीगण्डकी वेशीको संरक्षण, विकास र ब्यवस्थापन तथा कालिगण्डकी करिडोर किनारामा बृक्षारोपण सम्बन्धमा अध्ययन सहित हरियाली सडक कार्यक्रम संचालन गरिनेछ ।

२५१. एकीकृत बौदीकाली विकास गुरुयोजना निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

२५२. घाट तथा शवदाह स्थलहरुलाई व्यवस्थित गरिनेछ । प्रत्येक वडाहरुमा सुरक्षित शवदाह स्थलहरु निर्माण गर्न प्राथमिकता दिईनेछ ।

२५३. विभिन्न विषयगत क्षेत्रको विकास अवधारणा सम्वन्धी अध्ययन सहित क्षेत्रगत विकास रणनीतिपत्र तयार गरिने छ ।

२५४. शहरी पूर्वाधार योजना तर्जुमा गर्दा खुला चौर, खेलकुद मैदान, स्वास्थ्य संस्था, विद्यालयजस्ता सार्वजनिक स्थलहरुलाई जोडने सडक संजाललाई प्रकोप व्यवस्थापनमा सहयोग पुर्याउन आकस्मिक बाटोको रुपमा तोकी सडकको क्षेत्राधिकार संरक्षणलाई विशेष ध्यान दिईनेछ ।

२५५. सबै सडकहरुको क्षेत्राधिकार तोकि कार्यान्वयन गरिनेछ ।

२५६.	पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ।

२५७.	सार्वजनिक पार्क, सार्वजनिक शौचालयहरु, सार्वजनिक वस विसौनीहरुको विकास तथा ब्यबस्थापनमा Corporate Social Responsibility अनुसार नीजि क्षेत्रलाई संलग्न गराउने नीति लिईनेछ ।

२५८.	सडक तथा पुल मर्मत संभार कोष स्थापना गरी त्यसको परिचालन गर्न निर्देशिका वनाई लागू गरिनेछ ।

२५९.	सबै प्रकारका कार्यक्रमहरुमा आवश्यकता अनुसार श्रमदान वा लागत सहभागितालाई कम्तिमा १० प्रतिशत कायम गरिनेछ ।

२६०.	१ करोड भन्दा बढी लागत अनुमान भएका योजनाहरु DPR गरि त्यसैको आधारमा सँचालन र व्यवस्थापन हुने नीति लिईनेछ ।

२६१.	गाउँपालिका भित्र भवन लगायतका सँरचना निर्माण गर्दा “बौदीकाली गाउँपालिकाको आवास, वस्ती विकास, शहरी पुर्वाधार तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७८” को समयानुकुल संसोधन र अनिवार्य कार्यान्वयन गरिनेछ । मापदण्डको अनिवार्य पालना गर्दै नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिएको छ । उक्त मापदण्डको पालना नभएमा आधारभुत सिफारिस समेतका कार्यहरु रोक्का राखिनेछ ।

२६२.	कालिगण्डकी करिडोर, प्रदेश स्तरीय सडक र रणनैतिक सडकहरुमा लगानीमा दोहोरोपन नआउने गरी स्तरोन्नतीको लागी सम्बन्धित तह र

निकायहरुसँग समन्वय गरिनेछ । त्यस्ता कार्यहरुमा गाउँपालिकाकको प्राथमिकताका योजनाहरु समावेश गरिनेछ ।

२६३. बौदीकाली ४, व्याघन देखी सुस्ता जोड्ने प्रस्तावित सुरुङ मार्गको निर्माणको लागी सम्बन्धित तहसंग पहल र सहकार्य गरिनेछ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः

### वातावरण संरक्षण तथा जैविक विविधताः

२६४. स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्न सबै प्रकारका प्रदुषण रोकथाम, नियन्त्रण र न्यूनिकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ।

२६५. विकास आयोजनाका सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरिनेछ।

२६६. वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनहरुलाई वस्तुपरक बनाउन आवश्यक पहल गरिनेछ ।

२६७. वैकल्पिक तथा नविकरणिय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

२६८. वायु प्रदुषण कम गर्न ईट्टा, क्रशर तथा अन्य उद्योगहरुको सँचालन मापदण्ड तोकी कार्यान्वयन गरिनेछ । त्यस्ता उद्योगहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत मुख्य सडक खण्डको दाँया वायाँ वृक्षारोपण गर्नुपर्नेछ ।

२६९. विकास निर्माणका ठुला आयोजनाहरु संचालन गर्दा, खानी उत्खनन, ढुङ्गा गिट्टी, वालुवा उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिनेछ।

२७०. वातावरण र विकासलाई सँगसँगै लैजानको लागि बायो ईन्जिनियरिङ पद्धतिलाई आत्मसात गरिनेछ ।

२७१. गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खानीहरुको उत्खनन, अन्वेशण, उत्पादन, ढुवानी तथा विक्री वितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ। यसको पुर्वाधार विकासको लागि सँघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

२७२. गाउँपालिका भित्रका नदी र नदीजन्य पदार्थको संकलन, उत्खनन तथा विक्री वितरणलाई व्यवस्थित गरिनेछ ।

**दीगो विकासको आन्तरिकीकरणः**

२७३. स्वास्थ्य तथा सरसफाईका लागि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । आधारभुत सेवा पुग्ने गरी स्वस्थ्य र मर्यादित बसोवासलाई प्राथमिकता दिईनेछ ।

२७४. सन २०३० सम्म पुर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण गरिनेछ ।

२७५. प्रविधियुक्त कृषी, स्वरोजगारीमा बृद्धि र आर्थिक समृद्धि मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने नीति लिईनेछ ।

२७६.	साना तथा घरेलु द्योगहरुलाई प्रोत्साहन गरी मर्यादीत काम र उचित पारिश्रमिकको व्यवस्था गरी स्वनिर्भरतामा जोड दिईनेछ ।

२७७.	सबैलाई अनिवार्य शिक्षाका साथै प्राविधिक, जीवनोपयोगी शिक्षा, प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा एवं सर्वसुलभ र पहुँचयोग्य शिक्षा प्रणालीको विकास गरि कार्यान्वयन गरिनेछ ।

२७८.	भेदभावरहित समानतामा आधारित समाजको निर्माणमा जोड दिईनेछ ।

**जलबायू परिवर्तन तथा अनुकुलनः**

२७९.	जलवायु परिवर्तनका कारण देखिएका समस्याहरु तथा विभिन्न क्षेत्रहरुमा हुन सक्ने हानि तथा नोक्सानीलाई कम गरी जोखिम न्यूनिकरण र अनुकूलन गर्न समुदायको अनुकूलन क्षमता र जलवायु उत्थानशील विकासलाई प्रवर्द्धन गर्न मद्धत पुग्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

२८०.	गरिब, सीमान्तकृत, भूमिहिन, आदीवासी तथा संकटापन्न घरधुरी, महिला तथा अपाँगता भएका ब्यक्तिहरुलाई लक्षित गरि कृषिमा आधारित अनुकुलन कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

२८१.	सुख्खा, खडेरी जस्ता जलवायूजन्य प्रकोपहरुबाट बालीनालीको सुरक्षा गर्ने प्रविधि भित्राउने कार्यलाई प्राथमिकता दिईनेछ ।

२८२.	वाली विविधिकरण, कृषी जैविक विविधताको संरक्षण र प्राङ्गारिक खेती प्रणालीलाई प्रबर्द्धन गरिनेछ ।

२८३. सुरक्षित, दीगो र उत्थानशील बसोवास र पूर्वाधार विकास गरी जलवायूमैत्री गाउँपालिका निर्माण गर्ने नीति लिईनेछ ।

**वन, जलाधार सँरक्षण तथा भूसंरक्षणः**

२८४. दीगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन गर्ने राष्ट्रिय नीति अवलम्बन गरिनेछ ।

२८५. वन उपभोक्ता समुहहरुको अभिमुखिकरणका लागि तालिम संचालन गरिनेछ।

२८६. सार्वजनिक जग्गाको सरंक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।

२८७. निजि क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउदै वनजन्य उद्यमको प्रबर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणवाट मुल्य अभिबृद्धि र हरित रोजगारी श्रृजना गर्ने नीति लिईनेछ ।

२८८. लालीगुरांश क्षेत्र संरक्षण तथा घोरल संरक्षण कार्यक्रम संचालन गरिनेछ। मृग, घोरल, चितुवा लगायत गाउँपालिकाभित्र पाईने बन्यजन्तुहरुको संरक्षण गर्ने कार्य गरिनेछ।

२८९. अम्रिसो खेतीलाई प्रोत्साहन गरिनेछ ।अम्रिसो प्रशोधन केन्द्र स्थापनाको लागी पहल गरिनेछ । नमुना बृक्षारोपण कार्यक्रम सँचालन गरिनेछ ।

२९०. सम्पुर्ण पानीका मुहानहरु, जलाधार क्षेत्र, सीमसार क्षेत्र तथा पहिरो र पहिरो संवेदनशील क्षेत्रहरुको नक्साङकन गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

२९१. जैविक र अजैविक फोहरलाई उत्पादन तहदेखि  नै वर्गिकरण गरी छट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ । फोहोरमैला ब्यबस्थापनमा 3R (Reduce, Reuse and Recycle) अवधारणालाई प्रबर्द्धन गरिनेछ ।

२९२. घरहरुवाट उत्पादन हुने जैविक फोहोरलाई घरभित्रैवाट व्यवस्थित गर्न प्रोत्साहन गरिनेछ ।

२९३. मुख्य मुख्य सार्वजनिक स्थलहरुमा फोहोर फ्याक्न डस्टविन वा फोहर खाल्डोको ब्यबस्था गरिनेछ ।

२९४. पानीको मुहान, सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही  गरिनेछ ।

२९५. एकीकृत रुपमा फोहोरमैला ब्यबस्थापन योजना बनाई लागु गरिनेछ ।

२९६. सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित वनाउन टोलटोलमा टोल विकास सँस्था गठन/परिचालन गरिनेछ । अनुगमनको लागि टोल विकास सँस्थाहरुका पदाधिकारी मध्येवाट एक अनुगमन समिति बनाईनेछ साथै त्यसको प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

२९७. व्यवस्थित ल्याण्डफिल्ड साईटको लागि जग्गा पहिचान, खरिद तथा निर्माण व्यवस्थापन गरिनेछ ।

**विभिन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः**

२९८. जलवायूजन्य तथा अन्य प्रकोपहरुवाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको न्यनीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२९९. जोखिम संवेदनशील विकास र बहुप्रकोप विपद् व्यवस्थापनको अवधारणा अवलम्बन गरिनेछ ।

३००. जनचेतनामुलक तथा सुचनामुलक कार्यक्रमहरु तयार गरी सुचना तथा संचारका माध्यमहरुको प्रभावकारी उपयोग मार्फत सबैमा पहुँच हुने गरी विपद् सम्बन्धी जानकारी, सचेतना र सिकाई समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ ।

३०१. विपद् जोखिम लेखाजोखा तथा नक्शाङ्कन गर्ने प्रणालीको विकास गरिनेछ।

३०२. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, उर्जा, आवास, यातायात, खानेपानी, सरसफाई लगायतका पूर्वाधार तथा सांस्कृतिक/ऐतिहासिक सम्पदामा पर्नसक्ने विपद् जोखिमको पहिचान गरी पूर्वतयारी गर्ने संयन्त्रको विकास गरिनेछ ।

३०३. स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी बनाउदै विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ । विपद न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न प्राविधिक अध्ययन गरिनेछ ।

३०४. समुदाय तथा विद्यालयहरुमा विपद् सामना गर्न नियमित तालिम र जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३०५. गाउँपालिकामा स्थापना भएको “विपद् व्यवस्थापन आकस्मिक कोष” लाई निरन्तरता दिईनेछ ।

३०६. विपद्को अवस्थामा खोज तथा उद्धारको लागि विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी एवं गैह्र सरकारी निकायहरुसंग समन्वय गरी स्वयंसेवक र उद्धार राहत सामाग्रीहरुको भण्डारण र पूर्व तयारीको व्यवस्था मिलाइनेछ ।

३०७. सुरक्षित समाज निर्माणको लागि विपद् सुरक्षित संस्कृति (Culture of Safety) को प्रबर्द्धन र अवलम्बन गरिनेछ ।

३०८. स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यनिकरणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

## सँस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः

**स्थानीय प्रहरीः**

३०९. गाउँपालिकाको सम्पत्ति तथा अन्य सरकारी सम्पत्तीको सुरक्षा र संरक्षण, स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन, सरसफाई, न्यायिक समितिको निर्णय कार्यान्वयन, सरकारी जग्गा र सम्पत्तिको संरक्षण,

विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना, छाडा पशु चौपायाको नियन्त्रण जस्ता क्षेत्रहरुमा परिचालन गर्न आगामी आर्थिक बर्षमा गाउँपालिका प्रहरीको गठन, सँचालन र व्यवस्थापन गर्न आवश्यक तयारी गरिनेछ । गाउँपालिका प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण र कार्यान्वयन गरिनेछ ।

**स्थानीय सेवाको व्यवस्थापन तथा मानव सँसाधन विकासः**

३१०. प्रदेश कानुनको अधिनमा रही गाउँपालिकावाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।

३११. गाउँपालिकामा विभिन्न सेवा लिन आउने सेवाग्राहीहरुको सहायताको लागी नागरिक सहायता कक्षको स्थापना गरि संचालन गरिनेछ ।

३१२. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धि नीति मापदण्ड, सेवा शर्तको तर्जुमा र कार्यान्वयन गरिनेछ । सँविधानको धारा ३०२ को उपधारा २ बमोजिम समायोजन भएका कर्मचारीहरुको व्यवस्थापन, उपयोग, सम्भार र समन्वयको लागि प्रभावकारी व्यवस्था गरिनेछ ।

३१३. सबै कर्मचारीहरुलाई सेवा जीवनको सुरक्षाको प्रत्याभुती दिन सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ । कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ ।

बौदीकाली गाउँपालिका

३१४.	संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग  र कर्तव्य पालनाका लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन अध्ययन  गरी संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति  लिइने छ।

३१५.	कर्मचारीहरुको क्षमता विकासको लागि तालिम संचालन गरिनेछ ।

**सुचना प्रविधि र संस्थागत क्षमता विकासः**

३१६.	गाउँपालिकाको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गरी विकास र सुशासनमा रहेका कमीकमजोरीहरुको जानकारी लिने, आवधिक समिक्षा गर्ने संयन्त्रको विकास गरिनेछ ।

३१७.	संघीय सरकार, प्रदेश सरकार, जिल्ला स्थित विभिन्न कार्यालय, विषयगत शाखाहरु तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्दता कायम गरी बस्तु, सेवा तथा विकास आयोजनाहरुलाई समन्वयात्मक परिपूरण र परिपोषण गरिनेछ।

३१८.	गाउँपालिकाको सिमानाको बैज्ञानिक नापजाँच गराईनेछ ।

३१९.	सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि आचार संहितको तयार गरी कठोरतापुर्वक कार्यान्वयन गरिनेछ।

३२०.	सार्वजनिक सेवा तथा सेवा प्रवाहमा गुणस्तरीयता, मितव्ययीता र प्रभावकारीता अभिबृद्धि गरिनेछ । सेवा प्रवाह प्रक्रियामा सरलीकरण र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गरिनेछ ।

३२१. जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि गर्न प्रविधिमैत्री तालिम प्रदान गरिनेछ।

३२२. सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याइनेछ ।जसका लागि अभिलेख व्यवस्थापनको अवस्था, राजश्व सँकलन र दाखिला, विवादहरुको निरुपणमा कार्यकुशलताको प्रयोग, जनप्रतिनिधि-जनता विचको सम्बन्ध जस्ता सुचकहरु प्रयोग गरिनेछ ।

३२३. गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित, पारदर्शि र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV र ईन्ट्रानेट प्रणालीमा आवद्ध गरिनेछ । वडास्तरवाट संकलन हुने राजश्वलाई Intranet Computer System को माध्यमवाट गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यको शुरुवात गरिनेछ ।

३२४. अनलाईन व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप ब्यबस्थित बनाईनेछ।

३२५. कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको समयमानै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ ।

३२६. गाउँपालिका र वडा कार्यालयबाट समेत आयोजना हुने सभा, बैठकलाई मितव्ययी र छरितो बनाईनेछ ।

**राजश्व परिचालन, श्रोत अभिबृद्धि र व्यवस्थापनः**

३२७. सुचना प्रविधिको विकाससंगै स्थानीय करप्रणालीलाई आवद्ध गरिनेछ ।

३२८. विश्वव्यापी आर्थिक मन्दी तथा कोभिड १९ को महामारीको कारण आएको संकटको कारण आगामी आर्थिक बर्षमा जनतासंग जोडिएका करका दरहरुमा बृद्धि नगर्ने नीति अवलम्बन गरिनेछ । अधिकारक्षेत्रभित्रका करका दायराहरु भने विस्तार गरिनेछ ।

३२९. गाउँपालिकावाट लिइने कर, राजस्व, शुल्क आदि व्यवस्थित र नियमन गरिने छ। "समृद्ध बौदीकाली निर्माणमा मेरो योगदान" कार्यक्रम अन्तर्गत नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ ।

३३०. राजश्व संकलन कार्यलाई ब्यवस्थित गर्न सबै प्रकारका कर तथा गैरकर वडा कार्यालयहरु बाटै सँकलन हुने व्यवस्था मिलाईने छ ।

३३१. वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल विकास संस्थाहरुलाई परिचालन तथा जिम्मेवार वनाउने नीति लिईने छ ।

३३२. अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिकहरुलाई वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयवाट गरिने सिफारिसहरु कानुन बमोजिमको प्रक्रिया पुरा गरी निःशुल्क गर्ने व्यवस्था मिलाईनेछ ।

३३३. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले आफुले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय कर र बहाल कर चुक्ता गरी त्यसको प्रमाणित कागजात सँलग्न राख्नुपर्ने कार्यलाई अनिवार्य गरिनेछ । सो योजनाबाट लाभान्वित उपोक्ताहरुलाई त्यस्ता कर शुल्क तिर्न प्रोत्साहित गरिनेछ ।

३३४. संघीय तथा प्रादेशिक कानुनको अधीनमा रही सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क तथा दस्तुर, व्यवसाय कर, मालपोत, मनोरञ्जन करलाई थप बैज्ञानिक बनाईनेछ ।

३३५. ढुङ्गा, गिटी, वालुवा, माटो, स्लेट ढुङ्गा आदी प्राकृतिक तथा खानीजन्य बस्तुको विक्रि तथा निकासीलाई व्यवस्थित गरिनेछ ।

३३६. आर्थिक बर्ष २०७९/८० देखी अनिवार्य रुपमा सम्पत्ति कर प्रणाली लागु गरिनेछ।

३३७. बौदीकाली गाउँपालिकालाई तिर्नु वा बुझाउनु पर्ने राजश्व, रोयल्टी, सेवा शुल्क वा दस्तुर तोकिएको समयमा नबुझाउने जुनसुकै ब्यक्ति/सँस्था/निर्माण व्यवसायीहरुलाई कालोसुचीमा राखी कानुन अनुसार कारवाही गरिनेछ ।

**सुशासन**

३३८. सुशासनद्धारा गाउँपालिकाको पहिचान दिने नीति अवलम्बन गरिनेछ ।

३३९. कार्यालयको काम कारवाहीहरुलाई खुला पारदर्शी बनाउने, सदाचारयुक्त, उच्च मनोवल भएका जिम्मेवार राष्ट्रसेवकवाट कार्यसम्पादन हुने गरी आवश्यक प्रबन्ध मिलाईनेछ ।

३४०. अनुभुतिको तहमा सुशासन कार्यान्वयन हुने गरी कार्यालय र सेवाग्राहीवीच सुमधुर अन्तरसम्बन्ध हुने गरी गुनासो सुन्ने, सहकार्य गर्ने र सुधार गर्ने प्रणालीको विकास गरिनेछ ।

३४१. कार्यालयवाट हुने सामाजिक जीवनका जुनसुकै नीति निर्माण, निर्णय निर्माणहरुमा सहभागितामुलक पद्दतीको विकास गरी आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गरिनेछ ।

**वित्तिय पारदर्शिता र उत्तरदायित्वः**

३४२. गाउँपालिकावाट हुने सरकारी कोषको संचालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोवारको लेखांकन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरिक्षण तथा अन्य सबै आर्थिक गतिविधिहरुलाई ब्यबस्थित गरी गाउँपालिकाको वित्तिय ब्यबस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामुलक तथा उत्तरदायि बनाईनेछ ।

३४३. जनताको सबैभन्दा नजिकको सरकार भएकोले आफुले प्रवाह गरेको सेवाको गुणस्तरीयता कायम गर्दै उपलब्ध सार्वजनिक श्रोतहरुको प्रभावकारी, सक्षम, पारदर्शिता र न्यायोचित परिचालन गर्ने नीति लिईनेछ ।

३४४. स्थापित कानुनी एवं निर्धारित प्रक्रियाहरुको पूर्णरुपमा पालना गर्दै पारदर्शिता कायम गर्ने तथा आधुनिक सुचना प्रविधिमा आधारित रही वित्तिय सुचनामा पहुँचको सुनिश्चितता कायम गरिनेछ ।

३४५. प्रत्येक चौमासिकमा गाउँपालिकास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ । प्रत्येक महिनाको आयव्यय महिना समाप्त भएको एक हप्ता भित्र सार्वजनिक गर्ने ब्यबस्था मिलाईनेछ ।

३४६. गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध गाउँपालिका वासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलव्ध गराउने र बौदीकालीवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न मोवाइल एप्सको विकास र प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

३४७. गाउँपालिका तथा वडा कार्यालयका सवारी साधन र अफिस उपकरण तथा सार्वजनिक सम्पत्तिको मितव्ययी ढंगवाट परिचालन गरिनेछ । सवारी साधनहरुको परिचालन मितव्ययी र व्यवस्थित वनाउन सवारी साधन चलानी गर्नुपर्ने ब्यबस्था गरिनेछ । पदाधिकारी र कर्मचारीहरुलाई उपलव्ध गराइने सवारी साधन परिचालनलाई व्यवस्थित वनाइनेछ । सवारी पाशलाई अनिवार्य गराईनेछ । यसको अनुगमनको लागि जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीसँग सहकार्य गरिनेछ ।

३४८. वेरुजू हुन नदिने र रीतपूर्वकको फर्छ्यौट कार्यलाई व्यवस्थित गरिनेछ। असुल गर्नुपर्ने बेरुजु कठोरतापुर्वक असुल उपर गरिनेछ।

३४९. स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांकन (FRA) र स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) समयमै सम्पन्न गरी नतिजा सार्वजनिक गरिनेछ ।

३५०. गाउँपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन सार्वजनिक खरिद ऐन बमोजिम विद्युतीय प्रणाली अवलम्बन गरिनेछ ।

**ईलाका प्रशासन कार्यालय, मालपोत तथा नापी कार्यालयको स्थापनाः**

३५१. नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गर्नको लागी आर्थिक बर्ष २०७९/८० भित्र गाउँपालिका भित्र मालपोत सेवा केन्द्र तथा नापी कार्यालय स्थापना गर्नको लागि संघीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ । त्यसै गरी इलाका प्रशासन कार्यालयको स्थापनाको लागी जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय तथा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ।

**नागरिक सन्तुष्टि सर्वेक्षणः**

३५२. गाउँकार्यपालिका कार्यालय, वडा कार्यालय तथा सबै विषयगत शाखाहरुले प्रवाह गरेको सार्वजनिक सेवावाट जनताका चाहना र आवश्यकताहरुको परिपुर्ती भए नभएको बारे कम्तीमा बर्षमा १ पटक नागरिक

सन्तुष्टि सर्वेक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । प्राप्त सुझावहरुको अनिवार्य कार्यान्वयन हुनेछ ।

## <u>अन्य क्षेत्रगत नीति तथा कार्यक्रमहरुः</u>

**स्थानीय अदालत र मध्यस्थता व्यवस्थापनः**

३५३. गाउँपालिकाको विकास र नागरिकहरुको सुविधाको लागी मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाईनेछ ।

३५४. स्थानीय अदालतको क्षमता विकास गरी न्याय सम्पादनलाई छिटो र प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ । न्यायिक समितिको निर्णय कार्यान्वयनको लागी उपयुक्त संयन्त्रको निर्माण गरिनेछ ।

३५५. न्यायीक समितिको लागि व्यवस्थित ईजलास र सचिवालयको निर्माण गरिनेछ ।

**स्थानीय बजार व्यवस्थापनः**

३५६. स्थानीय उत्पादनहरुको विक्रिलाई ब्यबस्थित गर्न, स्थानीय ब्यापार, बस्तुको माग र आपुर्तिको अनुगमन, उपभोक्ता अधिकार र हित प्रबर्द्धन गर्नको लागी साप्ताहिक हाटबजारको व्यवस्था गरिनेछ ।

३५७. स्थानीय बस्तुहरुको उत्पादन, आपुर्ती तथा निकासी प्रक्षेपण गरी मुल्य निर्धारण गरिनेछ । स्थानीय बजार व्यवस्थापनको लागि उद्योग बाणिज्यसंग सम्बन्धित सँघ/सँस्थाहरुसँग सहकार्यमा काम गरिनेछ ।

३५८.	स्थानीय बस्तु तथा सेवा ब्यापारको मुल्य तथा गुणस्तरको अनुगमनलाई प्रभावकारी बनाईनेछ। स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन प्रभावकारी बनाईनेछ ।

**स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापनः**

३५९.	सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ  साथै मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सास्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित गरिने छ ।

३६०.	विपन्न तथा न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, हिंसा पीडित महिला, अल्पसंख्यक जाति र द्वन्द्ध पीडितको अभिलेख ६ महिना भित्र तयार पारिनेछ ।

३६१.	गाउँपालिका क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सँकलनलाई बैज्ञानिक बनाई विकासका हरेक क्षेत्रमा आवद्ध गरिनेछ । आगामी बर्ष अद्यावधिकको कार्य गरिनेछ।

३६२.	व्यक्तिगत घटना दर्ताको अभिलेख तथा पञ्जीकरण व्यवस्थापनलाई विद्युतिय प्रणालीमा आवद्ध गरिएको छ । त्यसलाई थप सुधार गर्दै ब्यबस्थित बनाईनेछ ।

३६३. नेपाल सरकार तथा विश्व बैंक वीच भएको ऋण सम्झौता बमोजिम लागु भएको गाउँपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सँचालनलाई निरन्तरता दिईनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

३६४. मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्यान्वयवाट बौदीकालीवासी जनताका आधारभुत आवश्यकताहरु क्रमशः पुर्ती हुँदै जाने विश्वास लिएको छु। गाउँपालिकाको समग्र विकासमा केशेढुङ्गा सावित हुनेछ भन्ने आशा लिएको छु साथै सार्वजनिक सेवाको प्रभावकारीता एवं गुणस्तर अभिबृद्धि हुने विश्वास पनि लिएको छु। सामाजिक र आर्थिक क्षेत्रहरुमा निर्माण र नवनिर्माणले तिव्रता पाई जनताको आर्थिक र सामाजिक क्षेत्रमा सकरात्मक परिवर्तन हुने मेरो विश्वास छ । मैले यस नीति तथा कार्यक्रमलाई सोंच र व्यवहार परिवर्तनको आधारको रुपमा प्रस्तुत गरेको छु । कृषीमा क्रान्ती ल्याउदै जनताको जीवनस्तर उकास्ने, सुधारिएको शिक्षा प्रणालीको विकास गर्ने, आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता हुने, दीगो पूर्वाधार विकास हुने, संस्थागत रुपमा सवल र सक्षम हुने साथै कोरोनाको संक्रमण ब्यबस्थापन र अन्य प्राकृतिक प्रकोप र त्यसवाट श्रृजना हुनसक्ने समस्याहरु माथी विजय प्राप्त गर्न महत्वपुर्ण भुमिका खेल्ने विश्वास समेत गरेको छु ।

३६५. अन्त्यमा यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु । नीति तथा कार्यक्रम तयारीको क्रममा

रचनात्मक सुझाव र सल्लाह उपलब्ध गराउने सम्पुर्ण राजनीतिक दल, संघसंस्था एवं बौदीकालीवासीहरु प्रति कृतज्ञ छु । साथै सबै जनप्रतिनिधि र कर्मचारीहरुमा धन्यवाद समेत ज्ञापन गर्दछु।

३६६. बौदीकाली तथा बौदीकालीवासीको जय होस। धन्यवाद ।

**प्रकाश ओझा**
**अध्यक्ष**
**बौदीकाली गाउँपालिका**

बौदीकाली गाउँपालिका